# आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रम
# र त्रिवर्षीय मध्यमकालीन खर्च संरचनाको खाका सहितको
# बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७८


नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं

माघ २०७८

# विषयसूची


१. पृष्ठभूमि .......... १

२. कार्यक्रम तथा आयोजना प्रस्तावका आधार र ध्यान दिनुपर्ने विषय .......... १

३. योजना तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन सम्बन्धी मार्गदर्शन .......... ३

४. समष्टिगत आर्थिक मार्गदर्शन .......... ४

५. तहगत सरकारबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजना सम्बन्धी मार्गदर्शन .......... ९

६. विषय क्षेत्रगत कार्यक्रम तथा बजेट सम्बन्धी मार्गदर्शन .......... ११

६.१ आर्थिक क्षेत्र .......... ११

६.२ सामाजिक क्षेत्र .......... १५

६.३ पूर्वाधार क्षेत्र .......... १९

६.४ अन्तरसम्बन्धित विषय क्षेत्र .......... २२

७. मध्यमकालीन खर्च संरचना र वार्षक विकास कार्यक्रम तर्जुमा .......... २५

८. कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा पेश गर्नुपर्ने विवरण .......... २६

# १. पृष्ठभूमि

नेपालको संविधानले मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको कार्यान्वयन एवम् संघीय शासन प्रणाली मार्फत् सुशासन, विकास र समृद्धि हासिल गर्ने परिकल्पना गरेको छ। सो बमोजिम तर्जुमा भएको दीर्घकालीन सोच २१०० सहितको पन्ध्रौं योजनाले दीर्घकालीन राष्ट्रिय आकाङ्क्षा, लक्ष्य, उद्देश्य तथा रणनीति एवम् समष्टिगत आर्थिक खाका निर्धारण गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले आवधिक योजनामा आधारित रहेर तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचना तर्जुमा, स्रोत अनुमान तथा खर्च सीमा निर्धारण, कार्यक्रम तथा बजेट तर्जुमा र संसदमा बजेट प्रस्तुत गर्ने व्यवस्था गरेको छ।

पन्ध्रौं योजनाको पहिलो वर्ष देखि नै कोभिड-१९ महामारीबाट नागरिकको जीवन तथा आर्थिक गतिविधि नराम्ररी प्रभावित भएका छन् भने बाढीपहिरो, बेमौसमी वर्षा लगायतका प्राकृतिक प्रकोपबाट जनजीवनमा थप असर परेको छ। यसबाट योजनाले लिएका विकासका लक्ष्य हासिल गर्न चुनौती सिर्जना भएको छ। साथै, वर्तमान सरकारको न्यूनतम साझा कार्यक्रम तथा सरकारमा संलग्न राजनैतिक दलका प्रतिबद्धता समेत सम्बोधन गर्नुपर्ने भएको छ। तसर्थ, मध्यमकालीन खर्च संरचना र आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यी विषयलाई सम्बोधन हुने गरी विकास कार्यक्रमको छनौट, प्राथमिकीकरण तथा बजेट व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिएको छ। साथै, आर्थिक-सामाजिक क्षेत्रको पुनरूत्थानलाई प्राथमिकता दिँदै उत्पादनशील रोजगारी सिर्जना एवम् उत्पादन तथा उत्पादकत्व वृद्धि र समतामूलक वितरण प्रणाली सुनिश्चित हुनेगरी कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएको छ। सरकारले सुशासनसँगै आर्थिक तथा सामाजिक विकास मार्फत् समृद्ध र समतामूलक समाज निर्माणको आधार तयार गर्ने लक्ष्य लिएको सन्दर्भमा सो विषयलाई समेत आत्मसात गरी कार्यक्रम तथा बजेट तयार गर्नुपर्ने हुन्छ।

सन् २०३० भित्रै दिगो विकास लक्ष्य हासिल गर्न सोको आन्तरिकीकरण र स्थानीयकरण सहित कार्यान्वयनमा तीब्रता दिने गरी कार्यक्रम र बजेट तर्जुमा गर्नुपर्नेछ। कार्यक्रम तथा बजेट तर्जुमा गर्दा राष्ट्रिय गौरवका आयोजना एवम् रूपान्तरणकारी आयोजनाको कार्यान्वयन तथा आर्थिक समृद्धिको आधार निर्माण गर्ने प्रकृतिका कार्यक्रम तथा आयोजनाको छनोट तथा प्राथमिकीकरण गर्नुपर्नेछ। साथै, निर्धारित लागत तथा समय एवम् गुणस्तर कायम गरी सम्पन्न गर्ने गरी आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ। कार्यक्रम तथा बजेटमा आगामी वर्ष सम्पन्न हुने तीन तहको निर्वाचन तथा ठूला आयोजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने खर्च समेत व्यवस्थापन गर्नुपर्नेछ।

उल्लिखित विषय सम्बोधन हुने गरी यस मार्गदर्शनले विकास कार्यक्रमको लक्षित उपलब्धि हासिल गर्न मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमाको लागि मार्गनिर्देशन गर्नेछ। साथै, प्रदेश तथा स्थानीय तहको कार्यक्रम तथा बजेट तयारीको लागि समेत नीतिगत मार्गदर्शन प्रदान गर्नेछ।

# २. कार्यक्रम तथा आयोजना प्रस्तावका आधार र ध्यान दिनुपर्ने विषय

**क) प्रस्तावका आधार**

आगामी आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्दा देहायका विषयलाई आधार मान्नु पर्नेछ।

१. संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति
२. पन्ध्रौं योजना
३. नेपाल सरकारको नीति तथा कार्यक्रम
४. वर्तमान सरकारका साझा न्यूनतम कार्यक्रम

५. राष्ट्र प्रमुख तथा सरकार प्रमुखबाट समय समयमा व्यक्त भएका विचार र मार्गनिर्देशन
६. संसदीय समितिबाट भएका निर्देशन तथा सरकारले गरेका प्रतिबद्धता
७. चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना
८. दिगो विकास लक्ष्य
९. अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने विषय
१०. विषय क्षेत्रगत नीति, रणनीति, योजना तथा गुरूयोजना
११. राष्ट्रिय विकास समस्या समाधान समिति र उपसमितिको बैठकका निर्णय
१२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७ एवम् अन्य सान्दर्भिक कानून
१३. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
१४. संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६
१५. समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ तथा अन्य कार्यविधि, मापदण्ड र मार्गदर्शन।

**ख) ध्यान दिनुपर्ने विषयहरू**

मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा तथा कार्यक्रम/आयोजना प्रस्ताव गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछ।

१. कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगबाट सम्बन्धित मन्त्रालय वा निकायको लागि उपलब्ध गराइएको बजेट सीमाभित्र रहेर मात्र प्रस्ताव गर्ने।
२. क्रमागत वा बहुवर्षीय आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा चालु आर्थिक वर्षको हालसम्मको भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गरी आगामी वर्ष र त्यसपछिका दुई वर्षमा सञ्चालन हुने क्रियाकलापको लागि मात्र बजेट प्रस्ताव गर्ने।
३. नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा कार्ययोजना सहित कार्यान्वयन गर्ने एकाइको संस्थागत क्षमता, जनशक्ति, लागत तथा उत्पादनका साधनको उपलब्धताको समीक्षा गरी यथार्थपरक परिमाणमा मात्र बजेट माग गर्ने।
४. एक भन्दा बढी संघीय मन्त्रालय वा निकायको सहयोग तथा समन्वयमा सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको लागि सम्बन्धित सबै निकायसँग समन्वय गरेर मात्र कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।
५. तहगत सरकारको समन्वयमा सञ्चालन हुने र प्रदेश तथा स्थानीय तहलाई सहयोग पुग्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिई कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।
६. प्रदेश र स्थानीय तहले सञ्चालन गरेका कार्यक्रम तथा आयोजनासँग दोहोरो नपरेको सुनिश्चित गरेर मात्र संघीय निकायले कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।
७. निश्चित अन्तराल वा आवधिक रूपमा सञ्चालन गर्नुपर्ने अनिवार्य कार्यक्रम (निर्वाचन, गणना/सर्वेक्षण, आदि) तथा राष्ट्रिय अभियानको लागि आवश्यक बजेट माग गर्दा कार्ययोजना सहित प्रस्ताव गर्ने।
८. सालवसाली वा नियमित रूपमा सञ्चालन हुँदै आएका र निरन्तरता दिइरहनु पर्ने कार्यक्रमको लागि आवश्यक रकम पुष्ट्याँई सहित प्रस्ताव गर्ने।

९. कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अन्य मन्त्रालय/निकाय वा क्षेत्रको कार्यक्रम/आयोजनाको कार्यान्वयन र उद्देश्य हासिल गर्न मद्दत पुऱ्याउने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुग्ने कार्यक्रम/आयोजनालाई प्राथमिकता दिने।

१०. रू. २० करोड भन्दा न्यून लागत भएका आयोजना पुनरावलोकनको लागि प्रस्ताव गर्ने।

११. निजी तथा सहकारी क्षेत्रको लगानी तथा सरकारी-निजी क्षेत्रको सहकार्य प्रवर्द्धन गर्ने कार्यक्रम प्रस्ताव गर्ने।

१२. निर्माण सम्बन्धी आयोजनाका हकमा पूर्व सम्भाव्यता वा सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन, जग्गा, कच्चा पदार्थ तथा जनशक्ति प्राप्ति, वातावरणीय प्रभाव मूल्यांकन तथा रेखांकन/नक्सांकन भइसकेका, कानूनी विवाद नभएका वा निरूपण हुन सक्ने अवस्थामा रहेका कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने। साथै, पहिलो त्रैमासिक अवधिभित्रै ठेक्का सम्झौता सम्पन्न हुन सक्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिने।

१३. वार्षिक योजनाको आधारमा यथार्थपरक हुनेगरी आर्थिक वर्षको बीचमा कार्यक्रम संशोधन गर्न नपर्ने गरी त्रैमासिक विभाजन सहित स्पष्ट रूपमा बजेट प्रस्ताव गर्ने।

१४. कार्यक्रम तथा आयोजनामा अबण्डामा रकम एकमुष्ट प्रस्ताव नगर्ने। बजेट प्रस्ताव गर्दा आयोजनागत रूपमा क्रियाकलाप खुल्ने गरी मात्र प्रस्ताव गर्ने।

१५. संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार कम लागतका वा साना/टुक्रे कार्यक्रम तथा आयोजना संघीय बजेटमा प्रस्ताव नगर्ने।

सम्बन्धित मन्त्रालय वा निकायले समष्टिगत तथा आफ्नो क्षेत्राधिकारको विषयगत कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा माथि उल्लेखित विषयका साथै खर्चको आवश्यकता तथा नतिजालाई मध्यनजर गरी देहाय अनुसारको मार्गदर्शन अवलम्बन गर्नुपर्नेछ।

## ३. योजना तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन सम्बन्धी मार्गदर्शन

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयन | १. योजनाको समष्टिगत आर्थिक लक्ष्य हासिल गर्न विषय क्षेत्रबाट योगदान पुग्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>२. योजनाको विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य एवम् नतिजा खाकामा उल्लेखित लक्ष्य हासिल हुने र योजनामा निर्धारित रणनीति तथा कार्यनीति कार्यान्वयन हुने गरी प्रमुख कार्यहरू (Prior Actions) पहिचान गरी कार्यक्रम प्रस्ताव गर्ने।<br>३. राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना तथा प्रमुख कार्यक्रमको कार्यान्वयनको लागि प्राथमिकतासाथ बजेट प्रस्ताव गर्ने।<br>४. वर्तमान सरकारका प्राथमिकतामा आधारित रही योजनामा निर्दिष्ट लक्ष्य हासिल गर्न योगदान पुग्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने। |
| २. | दिगो विकास लक्ष्य | १. नेपालको प्रतिबद्धता अनुसार सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिई प्रस्ताव गर्ने।<br>२. उक्त राष्ट्रिय लक्ष्यलाई विषय क्षेत्रगत योजना, कार्यक्रम तथा बजेटमा आन्तरिकीकरण गर्ने।<br>३. लक्ष्यको हालसम्मको प्रगति समीक्षा गरी विषय क्षेत्रगत सूचकका मान हासिल |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | गर्न प्राथमिकता दिनुपर्ने कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>४. दिगो विकास लक्ष्य हासिल गर्न निजी क्षेत्र, सहकारी क्षेत्र तथा अन्य सरोकारवालाको लगानी प्रवर्द्धन तथा क्षमता विकास गर्ने कार्यक्रमलाई प्राथमिकता दिने। |
| ३. | अति कम विकसित मुलुकबाट स्तरोन्नति | १. नेपाल पाँच वर्षको तयारी समय (Preparatory period) सहित सन् २०२६ मा अति कम विकसित मुलुकबाट स्तरोन्नति हुनको लागि संयुक्त राष्ट्रसंघको ७६ औं महासभाबाट अनुमोदन भएको सन्दर्भमा स्तरोन्नति पश्चात् पर्ने असरलाई मध्यनजर गरी कार्यक्रम प्रस्ताव गर्ने।<br>२. नेपालले अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन आवश्यक तीन वटा सूचक मध्ये प्रतिव्यक्ति आयको मापदण्ड अझै पुरा नगरेको हुँदा आय वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिने।<br>३. आर्थिक वृद्धि हासिल गरी आर्थिक समृद्धि तथा आर्थिक रुपान्तरणको लागि प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका क्षेत्रलाई जोड दिने । उद्यमशीलता विकास गरी उत्पादन, उत्पादकत्व तथा रोजगारी बढाउने किसिमका कार्यक्रमलाई प्राथमिकता दिने।<br>४. आधारभूत सेवा जस्तै स्वास्थ्य, शिक्षामा लगानी गर्दै सबैको पहुँचको अवस्था सिर्जना गरी विद्यमान सामाजिक असमानता हटाउँदै मानवीय पुँजी विकास गर्ने कार्यक्रम प्रस्ताव गर्ने।<br>५. आर्थिक जोखिम न्यूनीकरण गर्न सामाजिक संरक्षण, अनुदान लगायतका विषयलाई प्राथमिकता दिने।<br>६. द्विपक्षीय तथा क्षेत्रीय व्यापार सम्झौता, वैदेशिक पुँजीमा पहुँच सुनिश्चित गर्ने कार्यक्रम प्रस्ताव गर्ने। |

## ४. समष्टिगत आर्थिक मार्गदर्शन

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | पुँजीगत खर्च व्यवस्थापन | १. कार्यक्रमसँग सम्बन्धित पुँजीगत खर्चलाई नतिजासँग आवद्ध हुने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>२. वित्तीय हस्तान्तरण, राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना, मध्यमकालीन खर्च संरचनामा प्रतिबद्धता गरिएका लागत (Committed Costs) र प्रमुख कार्यक्रमलाई बजेट सीमा उपलव्ध गराउँदा नै बजेट सुनिश्चितता (Earmark) गर्ने।<br>३. राष्ट्रिय गौरवका आयोजना बाहेकका बहुवर्षीय कार्यक्रम/आयोजनाको बजेट तर्जुमा गर्दा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ अनुसार खरिद गुरूयोजना स्वीकृत गरी सो अनुसार वार्षिक खरिद योजना तथा कार्यतालिका तयार गरी बजेट प्रस्ताव गर्ने।<br>४. विगतमा स्रोत सुनिश्चितता भई बहुवर्षीय ठेक्कामा गएका वा स्रोत सुनिश्चितता दिइएका आयोजनाको कार्यान्वयन अवस्था विश्लेषण तथा अनुमान गरी |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | मध्यमकालीन खर्च संरचनामा रकम प्रस्ताव गर्ने ।<br>५. खरिद गुरूयोजनाको आधारमा स्पष्ट वार्षिक कार्यान्वयन कार्ययोजना, प्रत्येक क्रियाकलाप सम्पन्न गर्न लाग्ने लागत, समय र जिम्मेवार निकाय खुल्ने गरी वार्षिक खरिद योजना र मन्त्रालयगत/निकायगत अनुगमन तथा मूल्यांकन योजनाको मस्यौदा संलग्न गर्ने ।<br>६. वैदेशिक स्रोत यकिन गरी सम्झौता बमोजिमको रकम मात्र प्रस्ताव गर्ने । सम्झौता बमोजिम सहभागिता कोष (Matching Fund) बापत नेपाल सरकारको स्रोततर्फ आवश्यक पर्ने रकम अनिवार्य रूपमा समावेश गर्ने ।<br>७. भैपरी आउने पुँजीगत खर्चमा बजेट प्रस्ताव नगर्ने र गर्नैपर्ने अवस्थामा पर्याप्त आधार र स्पष्ट प्रयोजन खुलाएर मात्र प्रस्ताव गर्ने ।<br>८. विकास निर्माणका पूर्वाधारमा जग्गा प्राप्ति, आयोजना स्थल तयारी आदि पूर्वतयारीका क्रियाकलाप सम्पन्न भई आयोजना बैंकमा प्रविष्ट भएका र कार्यान्वयनको लागि तयारी अवस्थामा रहेका नयाँ आयोजना मात्र प्रस्ताव गर्ने । |
| २. | चालु खर्च व्यवस्थापन | १. अनिवार्य दायित्व (तलब, भत्ता, योगदानमा आधारित निवृत्तभरण कोष खर्च, बिमा, घरभाडा, सञ्चार महशुल, पानी तथा बिजुली आदि) मा आवश्यक रकम विनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चमा रकम विनियोजन गर्ने ।<br>२. सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ बमोजिम बजेट प्रस्ताव गर्ने ।<br>३. संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएका दरबन्दीमा बजेट प्रस्ताव गर्ने । अस्थायी र सेवा करारको बजेट प्रस्ताव गर्दा स्वीकृत दरबन्दीभित्र रहेर नेपाल सरकारको निर्णय बमोजिम पाउने सुविधा मात्र प्रस्ताव गर्ने ।<br>४. नेपाल सरकारको स्रोतबाट संचालन हुने आयोजना तथा कार्यक्रमबाट अनुदान दिंदा कुल लागतको ५० प्रतिशत भन्दा बढी नहुने गरी प्रस्ताव गर्ने ।<br>५. विकास समिति, बोर्ड, कोष, सार्वजनिक संस्थान, प्रतिष्ठान लगायतका निकायलाई उपलब्ध गराउने अनुदान रकमबाट ती निकायको लागि तलब, भत्ता, भाडा लगायतका प्रतिबद्ध खर्चमा पर्याप्त रकम छुट्याएर मात्र कार्यक्रममा बजेट प्रस्ताव गर्ने । |
| ३. | खर्च प्रभावकारिता तथा मितव्ययिता | १. भैपरी आउने चालु खर्चमा सकेसम्म बजेट प्रस्ताव नगर्ने र गर्नैपर्ने अवस्थामा प्रयोजन खुलाएर मात्र बजेट प्रस्ताव गर्ने ।<br>२. अत्यावश्यक अवस्थामा बाहेक नयाँ भवन निर्माण र सवारी साधन खरिदको लागि रकम प्रस्ताव नगर्ने ।<br>३. राष्ट्रको प्रतिनिधित्व गरेर अनिवार्य रूपमा सहभागिता हुनुपर्ने कार्यक्रम बाहेक अवलोकन, अध्ययन वा अन्य कुनै भ्रमणको नाममा नेपाल सरकारको दायित्व (वैदेशिक ऋण समेत) पर्ने गरी वैदेशिक भ्रमणको लागि रकम प्रस्ताव नगर्ने । |
| ४. | वित्तीय व्यवस्था | १. सार्वजनिक लगानी सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गर्ने गरी प्रस्ताव गर्ने ।<br>२. सार्वजनिक संस्थान् विनिवेश सम्बन्धी नीतिलाई कार्यान्वयनमा ल्याउने गरी प्रस्ताव गर्ने । |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | ३. आन्तरिक तथा बाह्य ऋणको भुक्तानी तालिका बमोजिमको साँवा भुक्तानीको लागि आवश्यक रकम प्रस्ताव गर्ने।<br>४. विभिन्न प्रकृतिका सार्वजनिक कोष (सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष, वैदेशिक रोजगार कोष, कर्मचारी कल्याण कोष, निवृत्तभरण कोष, बिमा कोष एवम् अन्य संस्थागत कोष) लाई उपयुक्त पोर्टफोलियो बनाई पूर्वाधार/ राष्ट्रिय गौरव एवम् रूपान्तरणकारी आयोजना एवम् सहलगानी प्रकृतिका परियोजनामा लगानी गर्न कार्यक्रम प्रस्ताव गर्ने।<br>५. विद्यमान वित्तिय मध्यस्थता प्रणालीबाट विपन्न, सीमान्तकृत, उपेक्षित, अति गरिब वर्गले प्रत्यक्ष रूपमा लाभ प्राप्त गर्न सक्ने गरी कार्यक्रम प्रस्ताव गर्ने।<br>६. नियामक निकायहरूको संस्थागत सवलीकरण गर्ने प्रकृतिका कार्यक्रम प्रस्ताव गर्ने। |
| ५. | सार्वजनिक ऋण व्यवस्थापन | १. समष्टिगत आर्थिक स्थायित्व कायम हुने र उत्पादन तथा उत्पादकत्व वृद्धि हुने क्षेत्र एवम् पूर्वाधार तथा सामाजिक क्षेत्रमा सार्वजनिक ऋण उपयोग गर्ने गरी प्रस्ताव गर्ने।<br>२. अनुत्पादक क्षेत्र र चालु प्रकृतिका खर्चको लागि सार्वजनिक ऋण उपयोग हुने कार्यक्रम प्रस्ताव नगर्ने।<br>३. सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी संरचनागत सुधार तथा आधुनिकीकरणको लागि आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>४. तरलता व्यवस्थापन सम्बन्धी नयाँ उपकरण विकास तथा प्रयोगको लागि कार्यक्रम प्रस्ताव गर्ने।<br>५. पूर्वाधार विकास आयोजनाको स्रोत विस्तार गर्न पूर्वाधार बण्ड जारी गर्ने सम्बन्धमा प्रस्ताव गर्ने।<br>६. सार्वजनिक ऋणपत्र बजारलाई क्रियाशील बनाउन आवश्यक कार्यक्रम प्रस्ताव गर्ने। |
| ६. | प्रत्यक्ष वैदेशिक लगानी | १. राष्ट्रिय प्राथमिकताका क्षेत्र तोकी भौतिक पूर्वाधार विकास, सामाजिक विकास, उत्पादकत्व वृद्धि र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिको लागि योगदान दिने क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी परिचालन हुने कार्यक्रम प्रस्ताव गर्ने।<br>२. उत्पादनमूलक, उर्जा दक्षता अभिवृद्धि गर्ने, वातावरणमा कम प्रदुषण गर्ने, आयात प्रतिस्थापन गर्ने र निर्यात प्रवर्द्धन गर्ने उद्योगमा वैदेशिक पुँजी, प्रविधि, ज्ञान र सीप आकर्षित गर्ने कार्यक्रम प्रस्ताव गर्ने।<br>३. वैदेशिक लगानी आकर्षित गर्न बौद्धिक सम्पत्तिको अधिकार संरक्षण तथा उपयोगको लागि कार्यक्रम प्रस्ताव गर्ने।<br>४. लगानीकर्ताको कानून प्रदत्त सुविधा तथा संस्थागत पूर्वाधारको सुदृढीकरण तथा विकासको लागि आवश्यक बजेट प्रस्ताव गर्ने। |
| ७. | वित्तीय हस्तान्तरण | १. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा गरिएका व्यवस्थाको आधारमा बजेट प्रस्ताव गर्ने।<br>२. प्रदेश तथा स्थानीय तहका जिम्मेवारी भित्रका कृषि, शिक्षा, महिला विकास, |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | बालबालिका र अपांगता भएका व्यक्तिको हित गर्ने लगायतका लक्षित कार्यक्रमको लागि निश्चित प्रतिशत बजेट प्रस्ताव गर्ने ।<br>३. संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका कार्यक्रमलाई वर्गीकरण गरी सम्बन्धित तहले आवश्यक बजेट प्रस्ताव गर्ने ।<br>४. प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने रू. ५ करोड वा सो भन्दा बढी लागतका आयोजना अनिवार्य रूपमा राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट गरेर मात्र बजेट प्रस्ताव गर्ने ।<br>५. संघबाट हस्तान्तरण भएका बहुवर्षीय आयोजना तथा कार्यक्रमको लागि आवश्यक बजेट सम्बन्धित तहको बजेटमा प्रस्ताव गर्ने ।<br>६. संघबाट हस्तान्तरण हुनु पूर्व आर्थिक दायित्व सिर्जना भई सकेको कार्यक्रम तथा आयोजनाको लागि आवश्यक बजेट सम्बन्धित तहको बजेटमा प्रस्ताव गर्ने ।<br>७. प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गर्ने कार्यक्रम तथा आयोजनाको स्पष्ट मोडालिटी तयार गरेर मात्र सःशर्त अनुदानमा कार्यक्रम प्रस्ताव गर्ने ।<br>८. प्रदेश र स्थानीय तहबाट सञ्चालित सःशर्त अनुदान अन्तर्गत सम्बद्ध तहले अपनत्व लिने प्रकृतिका कार्यक्रम मात्र प्रस्ताव गर्ने ।<br>९. सःशर्त अनुदानमा क्रमागत कार्यक्रमलाई निरन्तरता दिँदा यसको प्रगतिको आधारमा बजेट प्रस्ताव गर्ने । अपनत्व नलिने प्रदेश र स्थानीय तहमा त्यस्तो सःशर्त अनुदान बजेट प्रस्ताव नगर्ने ।<br>१०. सःशर्त अनुदानका कार्यक्रम तथा आयोजनाको लागि विनियोजित बजेटबाट वित्तीय हस्तान्तरण गर्ने गरी बाँडफाँट गरी प्रस्ताव गर्ने । सम्भव भएसम्म मन्त्रालयको बजेटमा समावेश गरेपछि वित्तीय हस्तान्तरण नगर्ने । |
| ८. | राष्ट्रिय आयोजना बैंक | १. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २५ बमोजिम सबै केन्द्रीय निकायले आँफैले वा मातहतका कार्यालय वा आयोजनामार्फत् आगामी पाँच वर्षसम्म कार्यान्वयन गरिने आयोजनाको विवरण राष्ट्रिय आयोजना बैंकमा अनिवार्य रूपमा प्रविष्टि गरेर मात्र वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचनाको विवरण पठाउने ।<br>२. सोही नियमावलीको नियम २६ को उपनियम (५) मा राष्ट्रिय आयोजना बैंकमा समावेश नभएको आयोजनाको लागि बजेट विनियोजन गर्न नपाइने व्यवस्था रहेको हुँदा रू. ५० करोडभन्दा माथिको लागत भएका सबै आयोजना राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा अनिवार्य रूपमा प्रविष्टि गर्ने गराउने । |
| ९. | कोभिड-१९ को प्रभावबाट अर्थतन्त्रको पुनरोत्थान | १. कोभिड-१९ बाट कार्यान्वयनमा असर परेका कार्यक्रम वा आयोजनामध्ये अधिकांश कार्य सम्पन्न भएका, धेरै रोजगारी सिर्जना गर्ने र रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिई बजेट प्रस्ताव गर्ने ।<br>२. कोभिड-१९ को कारण प्रभावित पर्यटन, उद्योग-व्यवसाय, निर्माण लगायतका क्षेत्रको पुनर्स्थापना र पुनर्संचालनमा सहयोग पुग्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।<br>३. उत्पादनमुखी अर्थतन्त्र निर्माणमा सहयोग पुग्ने कार्यक्रमको पहिचान गरी प्रस्ताव |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | गर्ने । <br>४. क्षेत्रगत तथा समष्टिगत पुँजी निर्माण, रोजगारी सिर्जना, गरिबी निवारण, शासकीय सुधार एवम् आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वस्तु तथा सेवा उत्पादन वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिने । <br>५. उच्च प्रतिफल दिने र तत्काल आर्थिक सामाजिक लाभ हासिल गर्ने कार्यक्रम/आयोजनालाई प्राथमिकता दिने । |
| १०. | राष्ट्रिय गौरवका आयोजना र रूपान्तरणकारी आयोजना कार्यान्वयन | १. राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना/कार्यक्रम एवम् बहुवर्षीय ठेक्का सम्झौता भएका तथा स्रोत सुनिश्चितता दिइएका कार्यक्रम/आयोजनाको लागि पर्याप्त रकम सुनिश्चित हुने (Earmark) गरी प्रस्ताव गर्ने । <br>२. पूर्व तयारीको चरणमा रहेका आयोजना तथा कार्यक्रम स्पष्ट कार्ययोजना सहित प्रस्ताव गर्ने । <br>३. भौतिक तथा वित्तीय प्रगति न्यून रहेका आयोजनाको कार्यान्वयनमा देखिएका बाधा अड्चन पहिचान गरी सोको निराकरणको लागि आवश्यक पर्ने क्रियाकलापको लागि बजेट प्रस्ताव गर्ने । <br>४. अन्तिम चरणमा पुगेका निर्माणाधीन आयोजना आगामी वर्षभित्रै सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्ने । <br>५. सालवसाली प्रकृतिका रूपान्तरणकारी कार्यक्रमको निरन्तरताको लागि आवश्यक बजेट प्रस्ताव गर्ने । |
| ११. | कार्यक्रम कार्यान्वयन | १. कार्यक्रमको आवश्यकता, कार्यान्वयनमा लैजान आवश्यक पर्ने कार्यविधि, मापदण्ड लगायतका सम्पूर्ण आधारभूत पक्ष र साधनको सुनिश्चितता एवम् अनुगमन तथा मूल्यांकनको आधार निश्चित गरी बजेट सीमा भित्र रही कार्यक्रम प्रस्ताव गर्ने । <br>२. कार्यान्वयन कार्ययोजना, प्रमुख नतिजा सूचक र ऐन, नियम तथा कार्यविधिमा आधारित भई तोकिएको समयसीमा भित्र खर्च हुने गरी त्रैमासिक विभाजन सहित प्रस्ताव गर्ने । <br>३. मन्त्रालय/निकाय र सो अन्तर्गतका आयोजना कार्यान्वयन तथा खर्च गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा उत्प्रेरणा, क्षमता विकास तथा संस्थागत सुदृढीकरण जस्ता पक्षलाई समेत समेटेर कार्यक्रम प्रस्ताव गर्ने । <br>४. संघीय मन्त्रालय तथा अन्य निकाय एवम् प्रदेश र स्थानीय तहबीच समन्वय हुनेगरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । |
| १२. | अनुगमन तथा मूल्यांकन | १. सहभागितामूलक, आधुनिक र नवीनतम अनुगमन तथा मूल्यांकन विधि र सो सम्बन्धी संस्थागत संहिता तथा मापदण्ड अवलम्बन गर्न आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । <br>२. कार्यक्रम तथा आयोजनाको नियमित अनुगमन, प्रगति प्रतिवेदन तथा समीक्षा, नीति परीक्षण, प्राविधिक परीक्षण, व्यवस्थापन परीक्षण, आन्तरिक तथा बाह्य मूल्यांकनको लागि कार्यक्रम तथा बजेट व्यवस्थापन गर्ने । |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | ३. राष्ट्रिय गौरवका आयोजना र रूपान्तरणकारी आयोजनालाई उच्च प्राथमिकतामा राखी सघन अनुगमन गर्ने व्यवस्थाको लागि बजेट प्रस्ताव गर्ने।<br>४. अनुगमन तथा मूल्यांकनसँग सम्बन्धित निकाय तथा अन्तरतह सहकार्य र सूचनामा समन्वयको लागि आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>५. अनुगमन तथा मूल्यांकनसँग सम्बन्धित शाखा तथा जनशक्तिको क्षमता विकासको लागि कार्यक्रम प्रस्ताव गर्ने।<br>६. सम्बन्धित विषय क्षेत्रका आयोजना वा कार्यक्रमसँग सम्बन्धित व्यवस्थापन सूचना प्रणाली, तथ्यांक व्यवस्थापन तथा प्रतिवेदन प्रणालीको विकास र सुदृढीकरणको लागि आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने। |

## ५. तहगत सरकारबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजना सम्बन्धी मार्गदर्शन

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | संघबाट सञ्चालन हुने कार्यक्रम र बजेट | १. राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना तथा राष्ट्रिय रूपमा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजना संघबाट सञ्चालन गर्ने।<br>२. वैदेशिक सहयोगबाट सञ्चालित राष्ट्रिय, अन्तरप्रादेशिक र हाल कार्यान्वयनको अन्तिम चरणमा पुगेका तथा आगामी दुई वर्ष भित्र सम्पन्न हुने कार्यक्रम/आयोजना संघबाट सञ्चालन गर्ने।<br>३. संस्थागत संरचना प्रदेश वा स्थानीय तहमा गइसकेको तर संघको कार्यक्षेत्रमा राखिएका कार्यक्रम तथा आयोजना सम्बन्धित प्रदेश एवम् स्थानीय तहमा हस्तान्तरण गर्ने।<br>४. लामो समय देखि स्वीकृत भई कार्य प्रारम्भ नभएका, निरन्तर रूपमा ज्यादै न्यून बजेट विनियोजन गरी लामो समयदेखि बजेटमा समावेश गरिएको एवम् सम्भाव्यता अध्ययन नै नगरी न्यून बजेट राखी शुरू मात्र भएका कार्यक्रम तथा आयोजनालाई पुनःप्राथमिकीकरण गर्ने र औचित्यताको आधारमा सञ्चालन गर्ने वा बन्द गर्ने।<br>५. जनतासँग प्रत्यक्ष सरोकार राख्ने सेवा प्रवाह हुने प्रकृतिका कार्यक्रम तथा आयोजना स्थानीय र प्रदेश तहमा हस्तान्तरण गर्ने।<br>६. एकै प्रकृतिका कार्यक्रम/आयोजनाका विभिन्न बजेट उपशीर्षक एकीकृत गर्ने।<br>७. प्रदेश र स्थानीय तहबाट समपूरक तथा विशेष अनुदानमार्फत सञ्चालित बहुवर्षीय कार्यक्रम तथा आयोजनासँग दोहोरो पर्ने कार्यक्रम तथा आयोजना प्रस्ताव नगर्ने। |
| २. | प्रदेशबाट सञ्चालन हुने कार्यक्रम तथा बजेट | १. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ र संघ, प्रदेश र स्थानीय तहमा आयोजना बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ मा भएका व्यवस्था बमोजिम कार्यक्रम तथा बजेट तर्जुमा गर्ने।<br>२. संघबाट प्रदेशमा हस्तान्तरण भएका वा हुने सःशर्त अनुदान अन्तर्गत बहुवर्षीय ठेक्का लागेका आयोजनाको ठेक्का लागेको अवधिको सम्पूर्ण लगत (नाम, स्थान, शुरू मिति, सम्पन्न हुने मिति, विस्तृत कार्यक्रम/आयोजना प्रतिवेदन, |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | वित्तीय एवम् भौतिक प्रगति, तत्काल समस्या देखिएको वा नदेखिएको, ठेक्का व्यावसायीको विगतको कार्य सम्पन्नताको अवस्था, भेरियसन भए/नभएको, मूल्य समायोजन भए/नभएको, आदि) तयार गरी बजेट प्रस्तावमा संलग्न गर्ने ।<br>३. संघबाट प्रदेशमा हस्तान्तरण भएका आयोजनाको उपलब्ध स्रोतको आधारमा प्राथमिकीकरण गरी स्रोतको सुनिश्चितता सहित आयोजना कार्यान्वयन गर्ने ।<br>४. प्रदेश भित्र जिल्ला तह वा एक भन्दा बढी स्थानीय तहलाई समेट्ने कार्यक्रम/आयोजना प्रदेशबाट स्थानीय तहको समन्वय समेतमा सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने ।<br>५. प्रदेश भित्र मात्र सञ्चालन भएका, प्रदेश विशेष वा प्रदेशको तुलनात्मक लाभका कार्यक्रम/आयोजना प्रदेशबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>६. प्रगति शून्य भएका र बाँकी अवधिमा रकम विनियोजन गर्दा समेत कार्यान्वयन सुनिश्चित नदेखिएका आयोजना/कार्यक्रम बजेटबाट हटाई थप अध्ययन सहित कार्यान्वयनयोग्य भएमा प्रदेश आयोजना बैंकमा समावेश गर्ने व्यवस्था मिलाउने ।<br>७. राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाट प्राप्त हुने रकम मितव्ययी ढंगले प्रशासनिक सञ्चालन खर्च गरी आ-आफ्नो अधिकार सूचीका कार्यको लागि थप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>८. राजस्व बाँडफाँट र आन्तरिक राजस्व बाहेक अन्य स्रोत खर्च गरी सवारी साधन, भवन, जग्गा खरिद जस्ता पुँजीगत प्रकृतिका खर्च नहुने व्यवस्था मिलाउने ।<br>९. समपूरक तथा विशेष अनुदानमार्फत् सञ्चालन हुने गरी बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत आयोजनासँग अन्य कार्यक्रम तथा आयोजना दोहोरो नपर्ने व्यवस्था मिलाउने ।<br>१०. जिल्लागत तथा स्थानीय तहगत सन्तुलन कायम हुने गरी कार्यक्रम तथा आयोजना तर्जुमा र कार्यान्वयन गर्ने । |
| ३. | स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम तथा बजेट | १. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ र संघ, प्रदेश र स्थानीय तहमा आयोजना बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ मा भएका व्यवस्था बमोजिम कार्यक्रम तथा बजेट तर्जुमा गर्ने ।<br>२. संघ र प्रदेशबाट सञ्चालन गर्ने भनी उल्लेख नगरिएका, माथि उल्लेख गरिए अनुरूप स्थानीय तहमा मात्र हस्तान्तरण गर्नुपर्ने र स्थानीय तहको अधिकार भित्र रहेका कार्यक्रम/ आयोजना स्थानीय तहबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>३. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र आन्तरिक राजस्वबाट मितव्ययी ढंगले प्रशासनिक सञ्चालन खर्च गरी आ-आफ्नो अधिकार सूचीका कार्यको लागि थप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>४. राजस्व बाँडफाँट र आन्तरिक राजस्व बाहेक अन्य स्रोत खर्च गरी सवारी साधन, भवन, जग्गा खरिद जस्ता पुँजीगत प्रकृतिका खर्च गर्न नहुने व्यवस्था मिलाउने ।<br>५. राष्ट्रिय प्रणालीसँग सामञ्जस्य तथा अन्तरआबद्धता कायम हुने गरी तथ्यांक, योजना, मध्यमकालीन खर्च संरचना, बजेट, आयोजना व्यवस्थापन, अनुगमन तथा मूल्यांकन, विषय क्षेत्रगत व्यवस्थापन सूचना प्रणालीको विकास, |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | सञ्जालीकरण तथा सञ्चालन गर्ने व्यवस्था मिलाउने । |

## ६. विषय क्षेत्रगत कार्यक्रम तथा बजेट सम्बन्धी मार्गदर्शन

## ६.१ आर्थिक क्षेत्र

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | कृषि | १. कृषि, खाद्य सुरक्षा र पोषणमा नीति/कार्यक्रमको तालमेल तथा सामञ्जस्यता सुनिश्चित गर्दै गरिब तथा खाद्य असुरक्षाको जोखिममा रहेका परिवार पहिचान गरी कृषि तथा गैर कृषि क्षेत्रको रोजगारी र आय वृद्धि गर्ने कार्यक्रम प्रस्ताव गर्ने ।<br>२. खाद्य शिखर सम्मेलनमा नेपालले खाद्य प्रणाली रूपान्तरणको लागि गरेका प्रतिबद्धता हासिल गर्न आवश्यक कार्यक्रम प्रस्ताव गर्ने । खाद्य प्रणालीलाई समन्यायिक, उत्थानशील तथा दिगो बनाउनको लागि अनुकूल वातावरण सिर्जना गर्न र खाद्य सुशासन सुदृढ गर्नेगरी कार्यक्रम प्रस्ताव गर्ने ।<br>३. कृषि उत्पादकत्व वृद्धि र दिगो खाद्य श्रृंखलाको विकास गर्न तथा जोखिम तथा विपत्तिको विरुद्धमा उत्थानशील खाद्य प्रणाली निर्माण गर्न दीर्घकालीन लगानी सुनिश्चित गर्दै क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने ।<br>४. उन्नत बीउ तथा नश्ल उत्पादन र वितरणमा आत्मर्निभर हुने गरी कृषि क्याम्पस तथा विश्वविद्यालय, फार्म केन्द्र, निजी बीउ कम्पनी, सहकारी र कृषक समूहलाई बजार माग बमोजिम उत्पादन लक्ष्य तोकी गुणस्तरीय बीउ उत्पादन कार्यक्रम प्रस्ताव गर्ने ।<br>५. रासायनिक मलको माग अनुसार आपूर्ति सहज बनाउने तथा वितरण प्रणालीको समुचित व्यवस्थाको लागि कार्यक्रम प्रस्ताव गर्ने । रासायनिक मलको परनिर्भरताको विकल्पको अनुसन्धान तथा प्रवर्द्धन र गुणस्तरीय प्राङ्गारिक मल उत्पादन तथा उपयोगलाई प्रोत्साहन तथा तहगत समन्वय हुनेगरी कार्यक्रम प्रस्ताव गर्ने ।<br>६. कृषि उपज बिक्री वितरण प्रणालीलाई पारदर्शी तथा भरपर्दो बनाउन र बजार मूल्यको जानकारी दिन डिजिटल प्रविधिको प्रयोग गर्दै निर्धारित कमिसन वा बोलकवोल (Auction) मा आधारित, करार (Contract) उत्पादन, किसान बजार प्रवर्द्धन जस्ता विकल्पको परीक्षणको कार्यान्वयनलाई सबै तहमा प्राथमिकता दिने ।<br>७. बजारको आवश्यकतामा आधारित तथा अनुसन्धान केन्द्रित उन्नत प्रविधि खासगरी वर्णशंकर धान, औद्योगिक मकै, तरकारी बालीमा वर्णशंकर जातको जातीय विकासमा विशेष जोड दिँदै कृषि यान्त्रीकरणको लागि उपयुक्त औजार तथा जलवायु उत्थानशील प्रविधिको विकास तथा विस्तारका कार्यक्रम प्रस्ताव गर्ने ।<br>८. प्रमुख कृषि उपज (विशेषगरी चामल र मकै) को आयात प्रतिस्थापन गर्ने तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र जस्ता निकायबाट सञ्चालित आयात प्रतिस्थापन लक्षित |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | कार्यक्रमलाई प्राथमिकता दिने।<br>९. कृषि तथ्यांकको नियमित प्रवाहको लागि केन्द्रीय तथ्यांक विभागको समन्वयमा तीन वटै तहमा कृषि तथ्यांक तथ्यपरक र वैज्ञानिक आधारमा संकलन गर्ने प्रणाली स्थापित गर्ने कार्यक्रम प्रस्ताव गर्ने। |
| २. | भूमि व्यवस्था तथा सहकारी | १. खेतीयोग्य जमीनको अधिकतम उपयोग गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा जग्गाको उचित संरक्षण र सम्बर्द्धन गर्न सबै प्रदेश र स्थानीय तहमा जग्गाको वर्गीकरण र नाप नक्शांकनको आधारमा हरेक स्थानीय तहको भू-उपयोग योजना कार्यान्वयनमा ल्याउने गरी कार्यक्रम प्रस्ताव गर्ने।<br>२. भूमि व्यवस्थालाई सुरक्षित, पारदर्शी तथा विश्वसनीय बनाउन अनलाइन प्रणाली (Land Record Information Management System -LRIMS) सुदृढ गर्न कार्यक्रम प्रस्ताव गर्ने।<br>३. चक्लाबन्दी, सहकारी तथा सामुदायिक खेतीका साथै स्थानीय भूमि व्यवस्थापनका उपाय अवलम्बन गरी बाँझो जग्गामा खेती गर्न प्रोत्साहन गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने।<br>४. कृषि वस्तुको उत्पादनलाई उत्पादनस्थल देखि बजारसम्म सिधा पहुँच स्थापित गरी कृषि उत्पादनमा बिचौलियाको दुश्चक्र कम गर्न सहकारीलाई कृषि उत्पादनको भण्डारण, प्रशोधन, मूल्य श्रृंखला र बजारीकरणमा केन्द्रित हुन प्रोत्साहन गर्न कार्यक्रम प्रस्ताव गर्ने। |
| ३. | उद्योग | १. स्थानीय स्रोत-साधन र सम्भावना तथा तुलनात्मक लाभको आधारमा निजी क्षेत्रको उल्लेख्य संलग्नता हुने गरी अन्तरदेशीय आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राम निर्माण तथा सञ्चालन गर्न कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>२. स्थानीय स्तरका औद्योगिक ग्राममा वन पैदावार र खनिज पदार्थमा आधारित प्रशोधन उद्योग सञ्चालन गर्न प्रोत्साहन गर्ने कार्यक्रम प्रस्ताव गर्ने।<br>३. जडिबुटी तथा विभिन्न स्थानमा उपलब्ध किमती एवम् अर्धकिमती पत्थरको प्रशोधनको लागि प्रशोधन केन्द्र स्थापना कार्यलाई प्राथमिकता दिने।<br>४. उच्च मूल्य कम आयतन (High value low volume) भएका वस्तुको उत्पादन वृद्धिको लागि कार्यक्रम प्रस्ताव गर्ने।<br>५. सिमेन्ट, चिनी, फुटवेयर, औषधि, जुस, डेरी, चिया, पश्मिना, हस्तकला लगायतका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन र पूर्वाधार निर्माणमा सहयोग तथा सहजीकरण हुनेगरी कार्यक्रम प्रस्ताव गर्ने।<br>६. राष्ट्रसेवक तथा विद्यार्थीले प्रयोग गर्ने लत्ताकपडा स्वदेशमै उत्पादन गर्ने र सम्पूर्ण नेपाली जनतालाई स्वदेशमै उत्पादित वस्तुको प्रयोग गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>७. युरेनियम, फलाम, तामा, सुन, प्राकृतिक ग्यास तथा पेट्रोलियम पदार्थको अन्वेषण, प्रशोधन तथा उत्पादनको लागि कार्यक्रम प्रस्ताव गर्ने।<br>८. सूचना प्रविधिजन्य वस्तुको उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन गर्न आवश्यक |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>९. महिला उद्यमशीलता विकास गर्न महिला उद्यमी औद्योगिक क्षेत्र तथा औद्योगिक ग्राम स्थापना गर्ने कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>१०. आयात प्रतिस्थापन गर्ने तथा अत्यावश्यक वस्तु तथा सेवा उत्पादन गर्ने रूग्ण उद्योग पुनर्स्थापन गरी सञ्चालन गर्न कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>११. कोभिड-१९ बाट उद्योग क्षेत्रमा परेको असर न्यूनीकरण तथा पुनरुत्थानको लागि आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । |
| ४. | वाणिज्य तथा आपूर्ति | १. अत्यावश्यक खाद्य तथा गैर खाद्य वस्तुको नियमित आपूर्ति तथा ढुवानीको लागि आवश्यक बजेट प्रस्ताव गर्ने ।<br>२. देशमा उत्पादित वस्तु र सेवाको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारीकरण तथा व्यापार सूचना सम्बन्धी क्रियाकलापको लागि कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>३. स्थानीय उत्पादनको विकास, भण्डारण र बजारीकरणको लागि पूर्वाधार विकासको लागि कार्यक्रम प्रस्ताव गर्ने ।<br>४. स्वदेशी उत्पादनको व्यापार एवम् बजार प्रवर्द्धन गर्न सूचना प्रविधि तथा ई-कमर्सको उपयोगको लागि कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>५. कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना, सिण्डिकेट, कार्टेलिङ तथा प्रतिस्पर्धा नियन्त्रणको लागि आवश्यक कार्यक्रम प्रस्ताव गर्ने ।<br>६. बजार अनुगमन सघन एवम् नियमित बनाउनको लागि आवश्यक संस्थागत तथा प्रक्रियागत सुधारको लागि बजेट प्रस्ताव गर्ने ।<br>७. विपन्न वर्गको लागि सुपथ मूल्यमा खाद्यान्न आपूर्ति गर्ने संयन्त्रको विकासको लागि बजेट प्रस्ताव गर्ने ।<br>८. आपूर्ति सम्बन्धी तथ्यांक व्यवस्थापनको लागि आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>९. कोभिड-१९ बाट आपूर्ति प्रणालीमा परेको प्रभाव न्यूनीकरण तथा पुनरूत्थानको लागि आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । |
| ५. | वैदेशिक व्यापार | १. बढ्दो व्यापार घाटा नियन्त्रण गर्न आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको लागि प्रतिस्पर्धात्मक क्षमताका वस्तु तथा सेवा उत्पादनमा प्रोत्साहन गर्ने कार्यक्रम प्रस्ताव गर्ने ।<br>२. निर्यात व्यापार अभिवृद्धि गर्न वस्तुगत एवम् देशगत व्यापारको विविधीकरणलाई प्रोत्साहन हुने कार्यक्रमको लागि बजेट प्रस्ताव गर्ने ।<br>३. उच्च मूल्य अभिवृद्धि हुने वस्तु जस्तै तयारी पोशाक, गलैंचा, पश्मिना, छाला जुत्ता, चप्पल, कफी, फेल्ट, हाते कागज, अलैंची, अदुवा, चिया, जडिबुटी लगायतका र उच्च मूल्य कम आयतन भएका वस्तु उत्पादन तथा निर्यात प्रवर्द्धनका कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | ४. निर्यात व्यापार प्रवर्द्धनको लागि एकीकृत भन्सार जाँच चौकी, गुणस्तरीय क्वारेन्टाइन सेवा, एकीकृत सेवा केन्द्र र सुख्खा बन्दरगाह लगायतका वाणिज्य पूर्वाधार निर्माण तथा सञ्चालनको लागि बजेट प्रस्ताव गर्ने।<br>५. स्वदेशी कच्चा पदार्थमा आधारित निकासीजन्य वस्तु उत्पादन गर्ने उद्योगमा नयाँ प्रविधि अपनाउन र उत्पादन प्रक्रिया सुधार गर्न प्रोत्साहित गर्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>६. अन्तर्राष्ट्रिय व्यापारमा प्राप्त सहुलियत तथा सुविधामा व्यापार सहजीकरण र स्तरोन्नतिबाट पर्नसक्ने प्रभाव न्यूनीकरण गर्न समन्वयलाई प्राथमिकता दिने। |
| ६. | संस्कृति तथा पर्यटन | १. कोभिड-१९ बाट पर्यटकीय क्रियाकलापमा परेको नकारात्मक असर न्यूनीकरण गर्न तथा आन्तरिक पर्यटन अभिवृद्धि गर्न उपयुक्त कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>२. सिनेमा पर्यटन, साहसिक पर्यटन, मनोरञ्जनात्मक पर्यटन, शोध पर्यटन, व्यापारिक पर्यटन, पर्यापर्यटन, पर्वतारोहण तथा पदयात्रा र कृषि पर्यटनको विकासको लागि कार्यक्रम बजेट प्रस्ताव गर्ने।<br>३. सबै समुदायका धार्मिक तथा सांस्कृतिक मूल्य-मान्यताको सम्मान वृद्धि हुने कार्यक्रम सञ्चालन, लोपोन्मुख संस्कृतिको संरक्षण तथा अभिलेखीकरण, क्षतिग्रस्त सम्पदाको पुनर्निर्माण एवम् मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा संरक्षणका कार्यक्रम प्रस्ताव गर्ने।<br>४. विश्वसम्पदा सूचीमा परेका क्षेत्रको उचित संरक्षण र सम्वर्द्धन तथा धार्मिक, सांस्कृतिक, पारम्पारिक, ऐतिहासिक एवम् पुरातात्त्विक महत्त्वका सम्पदा स्थलको दिगो विकास एवम् व्यवस्थापनको लागि आवश्यक बजेट प्रस्ताव गर्ने।<br>५. भाषा, कला, साहित्य, संगीत आदि क्षेत्रसँग सम्बद्ध संस्थाको सबलीकरणका कार्यक्रम प्रस्ताव गर्ने।<br>६. निजी क्षेत्रलाई समेत प्रोत्साहन गरी पहाडी हिल स्टेसन तथा होमस्टे पर्यटनको विकास तथा विस्तार प्रवर्द्धन सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने।<br>७. ऐतिहासिक तथा पर्यटकीय महत्वका गुम्बाहरूको संरक्षण र प्रवर्द्धन तथा सांस्कृतिक महतवका घाटहरूको व्यवस्थापन हुनेगरी कार्यक्रम प्रस्ताव गर्ने।<br>८. प्रत्येक प्रदेशमा एक-एक वटा बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक संग्रहालय स्थापनाको लागि बजेट प्रस्ताव गर्ने। |
| ७. | वन तथा वातावरण | १. संरक्षित क्षेत्र तथा सामुदायिक वनलाई प्रकृतिमा आधारित पर्यटनको गन्तव्य बनाउन सञ्चालन गरिने कार्यक्रम तथा सिमसार क्षेत्र, ताल तथा तलैयाको संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने।<br>२. भौतिक पूर्वाधार विकासमा वन क्षेत्रको उपयोग गर्दा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, मध्यवर्ती क्षेत्र व्यवस्थापन, सचेतनामूलक कार्यक्रम तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने कार्यक्रम प्रस्ताव गर्ने। |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
| --- | --- | --- |
| | | ३. सबै स्थानीय तहमा रहेका जैविक विविधता तथा सोसँग जोडिएका पक्षको एकीकृत अभिलेखीकरण गर्ने सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने।<br>४. प्रदुषणको बहुआयामिक पक्षबाट विश्लेषण गरी सो बमोजिमका मापदण्डको कार्यान्वयन र अनुगमन सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने।<br>५. वातावरणमैत्री प्रविधिको कार्यान्वयन सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने। |

## ६.२ सामाजिक क्षेत्र

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
| --- | --- | --- |
| १. | जनसंख्या | १. सुरक्षित यौन तथा प्रजनन स्वास्थ्य लगायतका सेवालाई गुणस्तरीय बनाउन, सुरक्षित गर्भपतन तथा यौन शिक्षा र प्रजनन स्वास्थ्य सेवालाई विस्तार गर्न र बाल विवाह न्यूनीकरण गर्न कार्यक्रम प्रस्ताव गर्ने।<br>२. किशोर-किशोरी तथा युवाको लागि आवश्यक, उपयुक्त र सर्वसुलभ शैक्षिक वातावरणको विकास तथा रोजगारमूलक तथा जीवनोपयोगी शिक्षाको माध्यमबाट क्षमता अभिवृद्धि गर्ने कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>३. जनसांख्यिक लाभको उपयोग गर्नेगरी सम्बन्धित विषय क्षेत्रगत निकायले कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>४. शिक्षा, तालिम, अध्ययन तथा सिकाई लगायतका जनशक्ति विकाससँग सम्बन्धित कार्यक्रमलाई जनसांख्यिक लाभको उपयोगसँग आवद्ध हुनेगरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>५. आन्तरिक बसाइ-सराइँ व्यवस्थापन, हिमाल र पहाडबाट तराईतर्फ तथा ग्रामीण भेगबाट शहरतर्फ भइरहेको बसाइ-सराइँको प्रवृत्ति निरूत्साहित गर्न हाल बसोबास गरिरहेको स्थानमा रहने वातावरण निर्माणको लागि कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने। |
| २. | स्वास्थ्य | १. प्रत्येक प्रदेशमा एक सुविधा सम्पन्नयुक्त विशिष्टिकृत अस्पतालको स्थापना र संचालन गर्नको लागि बजेट व्यवस्था गर्ने।<br>२. नसर्ने रोगहरूको रोकथाम, नियन्त्रण र उपचारको लागि देशका प्रत्येक स्वास्थ्य संस्थामा योग तथा ध्यान/व्यायाम केन्द्र स्थापना तथा संचालनको लागि प्रस्ताव गर्ने।<br>३. नेपालबाट विदेशमा उपचारको लागि हुने रकमलाई व्यवस्थापन गर्न सुविधा सम्पन्नयुक्त कुनै एउटा विशिष्टिकृत अस्पतालमा परीक्षण प्रयोगशाला केन्द्र सञ्चालन तथा सो केन्द्रको सिफारिशको आधारमा उपचारको लागि विदेश जाने व्यवस्था गर्न कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>४. शिक्षा क्षेत्रसँग आवश्यक समन्वय गरी ‘एक विद्यालय एक स्वास्थ्यकर्मी’ नीतिलाई सबै प्रदेशमा पूर्णरुपमा कार्यान्वयनमा ल्याउन प्रस्ताव गर्ने। |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | ५. नेपाल सरकारबाट नि:शुल्क प्रदान गरिने औषधिलाई मध्यनजर गर्दै औषधि उत्पादनमा मुलुकलाई क्रमश: आत्मनिर्भर बनाउने। स्वास्थ्य बिमा, आमा सुरक्षा कार्यक्रम तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई एकद्वार नीतिबाट कार्यान्वयनको लागि प्राथमिकता दिने।<br>६. जेनेरिक प्रिस्क्रिप्सनको कार्यान्वयन, औषधिको मूल्य तथा गुणस्तर निर्धारण, प्रति जैविक प्रतिरोधको न्यूनीकरण, एन्टिबायोटिक दुरूपयोग नियन्त्रण र औषधिको अनुसन्धान लगायतका विषयलाई प्रभावकारी बनाउन नियमनकारी निकायको विकास तथा विस्तार गर्न कार्यक्रम प्रस्ताव गर्ने।<br>७. सबै स्थानीय तहमा स्वास्थ्य बिमा कार्यक्रम विस्तार तथा सुदृढीकरण गर्न कार्यक्रम प्रस्ताव गर्ने।<br>८. बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पोषण विशेष र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र गृह मन्त्रालयले पोषण संवेदनशील कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने। |
| ३. | शिक्षा | १. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने कार्यक्रम प्रस्ताव गर्ने।<br>२. निःशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षामा सुनिश्चितताका साथै गुणस्तरीय शिक्षामा सर्वसुलभ पहुँच, प्रविधिमैत्री, रोजगारमूलक र जीवनोपयोगी शिक्षाको विकास र विस्तार गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने।<br>३. शैक्षिक तथा शिक्षण संस्थाको सुदृढीकरण, मर्जर, गुणस्तरीय पूर्वाधार निर्माण, सुशासन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>४. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई देश बाहिर जाने जनशक्तिलाई देशमा नै रहने वातावरण सिर्जना गर्न कार्यमूलक एवम् रोजगारमूलक उच्च शिक्षाको विकास र विस्तारमा जोड दिने कार्यक्रम प्रस्ताव गर्ने।<br>५. स्थानीय आवश्यकता, भूगोल र जनसंख्याको आधारमा प्राविधिक शिक्षालाई जिल्ला स्तरसम्म विस्तार गर्ने एवम् सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्दा दोहोरोपना नहुनेगरी निकायगत समन्वय कायम हुनेगरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>६. विद्यालयको पहुँचबाट टाढा रहेका र सहज यातायातको पहुँच नभएको स्थानका छात्रालाई लक्षित गरी महिला छात्राबास निर्माण एवम् सञ्चालन सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने। |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
| --- | --- | --- |
| | | ७. विद्यालय शिक्षा, प्राविधिक शिक्षा र उच्च शिक्षालाई प्रभावकारी बनाउने गरी कार्यक्रम प्रस्ताव गर्ने ।<br>८. कोभिड-१९ महामारीमा शिक्षण प्रणालीलाई निरन्तरता कायम राख्न वैकल्पिक शिक्षण सिकाई प्रणालीको विकास र विस्तार गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने । |
| ४. | विज्ञान तथा प्रविधि | १. समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि गर्दै विज्ञान तथा प्रविधिको लाभ तथा उपलब्धिलाई आम नागरिकमा पुऱ्याई गुणस्तरीय जीवन हासिल गर्न सघाउने प्रकृतिका कार्यक्रम प्रस्ताव गर्ने ।<br>२. उदीयमान प्रविधिको प्रयोगलाई प्रोत्साहन र नव-प्रवर्तनलाई प्रवर्द्धन गर्दै प्राज्ञिक क्षेत्रमा हुने अनुसन्धानलाई औद्योगिक उत्पादनसँग संयोजन गर्ने तथा औद्योगिक उत्पादन वृद्धिको लागि अनुसन्धान तथा विकासमा जोड दिँदै वैज्ञानिक तथा प्राविधिक जनशक्तिको उद्यमशीलता विकासमा सहयोग पुग्ने खालका कार्यक्रम प्रस्ताव गर्ने । |
| ५. | खानेपानी तथा सरसफाइ | १. आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट विमुख समुदायको पहिचान र नक्शाङ्कन गरी खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने कार्यक्रमलाई कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>२. खानेपानीको पहुँच विस्तारको साथै गुणस्तर अभिवृद्धिको लागि खानेपानी शुद्धीकरण कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्न कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>३. बाढी पहिरो लगायतका प्रकोपजन्य घटनाबाट प्रभावित खानेपानी तथा सरसफाइ आयोजनाको मर्मत तथा पुनर्निर्माण र पुनर्संचालन एवम् जलवायु परिवर्तन तथा विपद्को जोखिमबाट न्यूनीकरणको लागि कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>४. बहुउद्देश्यीय जलाशययुक्त आयोजना (जलविद्युत, सिँचाइ र खानेपानी) निर्माणमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सहकार्य गरेर ठूला शहरमा खानेपानीको आपूर्ति व्यवस्था र तराई मधेशमा देखा परेको आर्सेनिक समस्याको दिगो समाधान गर्न कार्यक्रम प्रस्ताव गर्ने ।<br>५. शहरी क्षेत्रका घना बस्तीमा ढल प्रणालीको विस्तार र फोहोर प्रशोधन प्रणालीको निर्माणको लागि बजेट प्रस्ताव गर्ने ।<br>६. खुला दिशामुक्त अभियान, शहरी सुलभ शौचालय व्यवस्थापन तथा राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वस्थता (NWASH) जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउन तथा अनुगमन प्रणालीलाई संस्थागत गर्न कार्यक्रम प्रस्ताव गर्ने । |
| ६. | लैङ्गिक समानता र महिला सशक्तिकरण | १. लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय महिला आयोगले प्राथमिकताका साथ कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बालबालिका माथि हुने शारीरिक तथा मानसिक सजाय विरूद्धका कार्यक्रम प्रस्ताव गर्ने । |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | ३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यौनिक तथा लैङ्गिक अल्पसंख्यकको लागि सीपमूलक तथा आयआर्जन एवम् सचेतनामूलक कार्यक्रम, ज्येष्ठ नागरिकको लागि राज्यबाट प्रदान गरिने सेवा सुविधाको जानकारी दिने एवम् सचेतना गराउने किसिमका कार्यक्रम र राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमलाई थप नतिजामूलक बनाउने ।<br>४. उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरण गर्नको लागि जीविकोपार्जन सुधारका कार्यक्रम प्रस्ताव गर्ने ।<br>५. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।<br>६. हिंसा पीडित तथा प्रभावित महिलाको लागि प्रदेश तथा स्थानीय तहसम्म एकीकृत सेवा सहितको दीर्घकालीन तथा अल्पकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गर्न आवश्यक बजेट प्रस्ताव गर्ने ।<br>७. गरिब तथा विपन्न दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, बादी, कमलरी, कमैया, चेपाङ जस्ता वञ्चितीमा परेका सबै समुदायका महिला तथा किशोरीको आय-आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गर्ने ।<br>८. महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी कार्य गर्न महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समय उपयोग सर्वेक्षण (Time Use Survey) को लागि बजेट व्यवस्था गर्ने । |
| ७. | बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक | १. बालगृह, बालसुधार गृह, निगरानी कक्ष तथा अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको खानपान, स्वास्थ्य तथा सुरक्षाको प्रबन्ध एवम् बाल विवाह, बाल श्रम, बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैर कानूनी ओसार-पसार नियन्त्रणको लागि बजेट प्रस्ताव गर्ने ।<br>२. पोषण कार्यक्रम विस्तार तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाई बाल मृत्युदर न्यूनीकरण गर्न किशोरकिशोरीको स्वास्थ्य तथा प्रजनन स्वास्थ्य शिक्षा लगायतका कार्यक्रमको लागि प्राथमिकता दिने ।<br>३. बालबालिकाको आपत्कालीन उद्धार र संरक्षणको लागि प्रदेश तथा स्थानीय तहमा आपतकालीन बाल उद्धार कोष सञ्चालन तथा सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि कार्यक्रम प्रस्ताव गर्ने ।<br>४. भौतिक संरचना अपांगमैत्री बनाई अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवामा सहज पहुँच सिर्जना गर्नुका साथै उनीहरूको दैनिक जीवन सहज बनाउन प्रदेश र स्थानीय तहबाट समेत उपयुक्त कार्यक्रम प्रस्ताव गर्ने ।<br>५. ज्येष्ठ नागरिकको लागि ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र र आरोग्य आश्रमको स्थापना र सञ्चालन तथा एकल तथा विधुर, शारीरिक र मानसिक रूपमा असक्त, परित्यक्त, असहाय र आफ्नो परिवार वा संरक्षक नभएका ज्येष्ठ नागरिकको लागि स्याहार-सुसार, हेरचाह र औषधोपचारको व्यवस्थाको लागि आवश्यक बजेट प्रस्ताव गर्ने ।<br>६. कोभिड-१९ बाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | नागरिकमा परेको स्वास्थ्य तथा मनोसामाजिक असर न्यूनीकरण तथा उत्थानको लागि आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । |
| ८. | युवा तथा खेलकुद | १. युवामा सिर्जनशीलता, सकारात्मक सोच र नेतृत्व क्षमताको विकास र युवा उद्यम तथा व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।<br>२. नीति निर्माणदेखि कार्यान्यनसम्म युवाको समावेशी र सार्थक सहभागिता प्रवर्द्धन गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।<br>३. संघ, प्रदेश र स्थानीय तहले निर्माण तथा व्यवस्थापन गर्ने खेलकुद पूर्वाधारको मापदण्ड निर्धारण गरी खेलकुद पूर्वाधारको विकास, व्यावस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।<br>४. प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गरी खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय पहिचान र सम्मान बढाउने खालका कार्यक्रम प्रस्ताव गर्ने । |
| ९. | सामाजिक सुरक्षा | १. खाद्य सुरक्षाको हक, आवासको हक, स्वास्थ्यको हक, शिक्षाको हक, रोजगारीको हक जस्ता नागरिक हकको कार्यान्वयन गर्ने एकीकृत सामाजिक सुरक्षा प्याकेज प्रस्ताव गर्ने ।<br>२. सामाजिक सुरक्षा, सामाजिक सहयोग, श्रम बजारमा हस्तक्षेप, सार्वजनिक कार्य, सामाजिक रेखदेख र सेवा कार्य आदिलाई एकीकृत सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गरी विभिन्न सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गर्ने ।<br>३. कोभिड-१९ बाट सामाजिक सुरक्षा तथा संरक्षणमा परेको असर न्यूनीकरणको लागि आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>४. सबै स्थानीय तहमा अनिवार्य स्वास्थ्य बिमा कार्यक्रम लागू गर्न आवश्यक बजेट प्रस्ताव गर्ने ।<br>५. विपद्बाट सिर्जना हुने सम्भावित जोखिम तथा प्रकोपको सामना गर्न सक्ने गरी सामाजिक सुरक्षा कार्यक्रमलाई विपद् संवेदनशील बनाउन कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>६. बहुक्षेत्रीय पोषण योजना, सुरक्षित आमा कार्यक्रम, बाल संरक्षण अनुदान लगायतका सामाजिक सुरक्षाका कार्यक्रमलाई पहुँचयोग्य बनाउन कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>७. तीन तहकै सरकारको समन्वय र सहकार्यमा भारतमा जाने नेपाली कामदारको सुरक्षाको लागि सामाजिक सुरक्षा बिमामा आबद्धता गर्न लागि कार्यक्रम प्रस्ताव गर्ने । |

## ६.३ पूर्वाधार क्षेत्र

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | ऊर्जा | १. विद्युतीय उपकरणहरूको ऊर्जा दक्षता सम्बन्धी मापदण्ड निर्माण तथा कार्यान्वयन गर्न प्रस्ताव गर्ने ।<br>२. विद्युत चुहावट नियन्त्रण तथा विद्युत सेवालाई प्रभावकारी बनाउने कार्यक्रम |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | प्रस्ताव गर्ने ।<br>३. विद्युतीय ऊर्जा उपयोगलाई प्रोत्साहन गर्न स्थानीय स्तरमा जनचेतना अभिवृद्धि तथा सहुलियत लगायका विषय प्रस्ताव गर्ने ।<br>४. वैकल्पिक ऊर्जाको उपयोगको प्रवर्द्धन तथा विकास र विस्तार सम्बन्धी कार्यक्रम संचालन गर्न स्थानीय तहको क्षमता अभिवृद्धि तथा स्रोत परिचालनमा सहजीकरण गर्ने विषय प्रस्ताव गर्ने ।<br>५. शत प्रतिशत घरधुरीमा विद्युत सेवा पुऱ्याउन आवश्यक कार्यक्रम प्रस्ताव गर्ने ।<br>६. आन्तरिक र अन्तरदेशीय विद्युत प्रसारणलाई सुदृढ तथा विस्तार गरी विद्युत आपूर्ति प्रणालीलाई प्रभावकारी बनाउने कार्यक्रम प्रस्ताव गर्ने ।<br>७. जलविद्युत उत्पादन सहित सबै प्रकारका ऊर्जाको सम्मिश्रण र क्षेत्रीय उर्जा व्यापार सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने ।<br>८. प्रसारण लाइन निर्माणमा स्थानीय अवरोध, अधिक मुआब्जा तथा क्षतिपूर्तिको दाबीले प्रसारण लाइन निर्माणमा ढिलाई हुने गरेकोले यस समस्याको समाधानको लागि कार्ययोजना प्रस्ताव गर्ने । |
| २. | सिँचाइ | १. सिँचाईमा जलवायु परिवर्तनबाट हुने/भएका प्रभावको अध्ययन गरी जलवायुमैत्री सिंचाई कार्यान्वयन गर्ने विषय कार्यक्रम प्रस्ताव गर्ने ।<br>२. सिँचाईमा नवप्रवर्तन (Innovative Approach) शैली मार्फत् दिगो सिँचाइ प्रणाली विकास गर्ने सम्बन्धमा अध्ययन अनुसन्धानमा जोड दिने ।<br>३. संघीयता अनुकुल हुने गरी सिँचाइ सम्बन्धी मापदण्ड बनाई कार्यान्वयन गर्ने विषय प्रस्ताव गर्ने ।<br>४. उच्च जोखिममा रहेका बस्ती तथा शहरहरूको संरक्षणको लागि विशेष प्रकृतिका तटबन्ध व्यवस्थापनलाई प्राथमिकता दिने । साथै, तटबन्ध तथा जलाधार संरक्षण सम्बन्धी बृहत् गुरूयोजना तर्जुमाको लागि कार्यक्रम प्रस्ताव गर्ने ।<br>५. योजनाबद्ध नदी नियन्त्रण तथा व्यवस्थापनको लागि गुरूयोजना तर्जुमा सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने ।<br>६. आकस्मिक प्रकोपबाट हुने क्षति न्यूनीकरणको लागि बजेट प्रस्ताव गर्ने ।<br>७. सञ्चालनमा रहेका बृहत् सिंचाई प्रणालीको मर्मत सम्भारको लागि आवश्यक पर्ने बजेट प्रस्ताव गर्ने ।<br>८. नदी व्यवस्थापनबाट उकास हुन आएको र उकास हुन आउने जग्गाको विकास सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने । |
| ३. | भौतिक पूर्वाधार | १. सडकको मापदण्ड तथा निर्माण कार्यको नर्म्स तर्जुमा तथा पुराना मापदण्ड अद्यावधिक गर्ने कार्यक्रम प्रस्ताव गर्ने ।<br>२. सडक निर्माण कार्यको गुणस्तर कायम गर्न निर्माण सामग्रीको परीक्षणसँग सम्बन्धित कार्यक्रम प्रस्ताव गर्ने ।<br>३. निर्माण भएका सडक पूर्वाधारसँग सम्बन्धित नवप्रवर्तन कार्यक्रम जस्तै सुरूङ मार्ग, द्रुत मार्ग तथा वैकल्पिक यातायातको लागि संस्थागत प्रबन्ध तथा कार्यक्रम |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | प्रस्ताव गर्ने।<br>४. यातायात व्यवस्था अन्तर्गत सवारी अनुगमन, मापदण्ड तर्जुमा र सवारी चालक अनुमतिपत्र व्यवस्थापन, अन्तरप्रदेश समन्वय, सार्वजनिक यातायात, सडक सुरक्षा तथा यातायात सुदृढीकरणका कार्यक्रम प्रस्ताव गर्ने।<br>५. दिगो विकास लक्ष्यसँग सम्बन्धित एकीकृत यातायात व्यवस्थापन प्रणाली विकास तथा विस्तार कार्यक्रम प्रस्ताव गर्ने।<br>६. जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणको लागि वातावरणमैत्री विद्युतीय सवारी साधनको प्रयोग, विकास र विस्तारका कार्यक्रम प्रस्ताव गर्ने। |
| ४. | सञ्चार तथा सूचना प्रविधि | १. डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनको लागि संचार तथा सूचना प्रविधि, शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, कृषि तथा पशुपन्छी विकास, उर्जा, जलस्रोत तथा सिंचाइ, पर्यटन तथा नागरिक उड्डयन, अर्थ र शहरी विकास मन्त्रालयले शीर्षक तोकेर कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।<br>२. आमसञ्चार माध्यमलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने, नागरिक एपलाई प्रभावकारी बनाई सबै सेवा सुविधालाई पहुँचयोग्य बनाउने र सार्वजनिक तथा निजी सेवाहरू क्रमशः अनलाइन मार्फत् प्रदान गर्ने कार्यको लागि आवश्यक रकम प्रस्ताव गर्ने।<br>३. प्रदेश स्तरमा आधुनिक तथा प्रविधियुक्त सञ्चार ग्रामको स्थापना तथा स्थानीय स्तरसम्म ब्रोडब्यान्ड सेवा विस्तारको लागि कार्यक्रम प्रस्ताव गर्ने।<br>४. सूचना महामार्ग, डाटा सेन्टर, इन्टरनेट एक्सचेन्ज सेन्टर, आधुनिक प्रविधिमा आधारित टेलिफोन, अनलाइन सेवा र विद्युतीय भुक्तानी (इ-पेमेन्ट गेट-वे) लगायतका सञ्चार तथा सूचना प्रविधि सम्बन्धी पूर्वाधार विकासका कार्यक्रमको लागि बजेट प्रस्ताव गर्ने।<br>५. सरकारी विद्युतीय प्रणालीलाई एकीकृत तथा अन्तरआबद्ध गर्न र साइबर सुरक्षा तथा गोपनीयता सम्बन्धी कार्यको लागि बजेट प्रस्ताव गर्ने।<br>६. सुरक्षण मुद्रणको कार्यको लागि आवश्यक बजेट प्रस्ताव गर्ने।<br>७. साइबर सुरक्षा सम्बन्धी कार्यक्रम संचालन गर्न कानून, न्याय तथा संसदीय मामिला, गृह, रक्षा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले बजेट प्रस्ताव गर्ने। |
| ५. | शहरी विकास | १. राष्ट्रिय शहरी नीति, २०७७ (मस्यौदा) कार्यान्वयनका कार्यक्रम प्रस्ताव गर्ने।<br>२. ठूला शहरी कोरिडोर एकीकृत बस्ती विकास कार्यक्रम, सार्वजनिक निजी साझेदारी र जोखिमयुक्त बस्ती स्थानान्तरण सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने।<br>३. मध्य पहाडी लोकमार्ग (पुष्पलाल) र हुलाकी राजमार्गमा व्यवस्थित शहर निर्माण सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने।<br>४. शहरी बस्ती व्यवस्थित गर्न तथा वातावरणीय समस्या निराकरण गर्न कार्यनीति, विस्तृत योजना तर्जुमा, शहरी सडक मापदण्ड निर्माण, भवन संहिताको परिपालना गर्न गराउन स्थानीय तहसँग समन्वय र साझेदारीका कार्यक्रम प्रस्ताव गर्ने।<br>५. ज्येष्ठ नागरिक आवास र शहरी गरिब लक्षित पूर्वाधार निर्माण कार्यक्रम प्रस्ताव |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | गर्ने । <br>६. भवन निर्माण सम्बन्धी अन्य मुलुकको अनुभवलाई समेत दृष्टिगत गरी उपयुक्त प्रविधि छनौट गरी सरकारी तथा गैर सरकारी क्षेत्रमा प्रयोग गर्न प्रचारप्रसार लगायतका कार्यक्रम प्रस्ताव गर्ने । <br>७. भूकम्पको उच्च जोखिममा रहेका बस्ती, पुराना घर तथा सार्वजनिक संरचनाको पुनर्निमाण तथा प्रबलीकरण सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने । <br>८. सरकारी एवम् सार्वजनिक भवनको नियमित मर्मत सम्भार तथा प्रादेशिक संरचनाको लागि आवश्यक सरकारी भवन निर्माणका कार्यक्रम प्रस्ताव गर्ने । |

## ६.४ अन्तरसम्बन्धित विषय क्षेत्र

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | गरिबी निवारण | १. कोभिड-१९ बाट थप जनसंख्या गरिबीको दुस्चक्रमा पर्न नदिन आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । <br>२. गरिब घर-परिवारको पहिचान गरी सबै स्थानीय तहमा परिचय-पत्र वितरण गर्ने र सो को आधारमा गरिबीको रेखामुनि रहेका जनतालाई अत्यावश्यक वस्तु सुपथ मूल्यमा वितरण तथा अन्य लक्षित कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गर्ने । <br>३. पिछडिएका क्षेत्र र समुदायका गरिब घर-परिवार लक्षित क्षमता विकास, आय-आर्जन तथा रोजगारमूलक कार्यक्रम प्रस्ताव गर्ने । साथै, सामाजिक सुरक्षा एवम् संरक्षणका कार्यक्रम र गरिबी निवारणका कार्यक्रमलाई गरिब व्यक्ति, परिवार तथा समुदाय लक्षित हुनेगरी प्रस्ताव गर्ने । <br>४. अन्तर्राष्ट्रिय/क्षेत्रीय संघ-संस्था तथा विकास साझेदारको परिचालन गरी गरिबी निवारण केन्द्रित कार्यक्रम सञ्चालन गर्ने । <br>५. गरिबलाई सहकारी संस्थामा आबद्ध गराई छरिएर रहेको श्रम, पुँजी, प्रविधि र सीप एकीकृत रूपमा उपयोग गरी व्यवसाय प्रवर्द्धनका सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने । <br>६. सहकारी तथा गरिबी सम्बन्धी सूचना प्रणाली (CoPoMIS) प्रभावकारी कार्यान्वयनको लागि प्रस्ताव गर्ने । |
| २. | श्रम तथा रोजगारी | १. निर्माण, सेवा तथा उद्योग क्षेत्रमा स्वदेशी कामदार आकर्षित तथा संलग्न हुने वातावरण बनाउन आवश्यक क्षमता विकास तथा संरक्षणका कार्यक्रम प्रस्ताव गर्ने । <br>२. विकास खर्चलाई रोजगारी सिर्जनासँग आबद्ध हुने गरी कार्यक्रम प्रस्ताव गर्ने । अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रूपान्तरण गर्न कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । <br>३. वैदेशिक रोजगारमा जाने नेपालीलाई आवश्यक तालिम तथा सीप विकासका कार्यक्रम प्रस्ताव गर्ने । सीप तथा अनुभव प्रमाणीकरणलाई विश्वसनीय बनाउने । <br>४. कोभिड-१९ बाट पेशा, व्यवसाय तथा रोजगारी गुमाएका व्यक्ति र परिवारको लागि राहत, वैकल्पिक रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना हुने |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । |
| ३. | मानव संसाधन विकास | १. आगामी तीन आर्थिक वर्षको लागि आवश्यक पर्ने जनशक्ति (प्राविधिक र गैर प्राविधिक) को प्रक्षेपण गरी सम्बन्धित विषय क्षेत्रगत जनशक्ति उत्पादन, विकास र उपयोगको लागि आवश्यक कार्यक्रम सम्बन्धित निकायले प्रस्ताव गर्ने ।<br>२. एकीकृत मानव संसाधन विकास योजना अनुरूप तहगत सरकार र निजी क्षेत्र समेतको सहभागितामा जनशक्ति विकास (शिक्षा, तालिम, सिकाई आदि) तथा उपयोगका कार्यक्रम सञ्चालन गर्न बजेट प्रस्ताव गर्ने ।<br>३. युवा जनशक्तिलाई प्राविधिक तथा विश्वविद्यालय शिक्षामा केन्द्रित गर्ने, कार्यक्षेत्रमा आबद्ध जनशक्तिलाई स्वअध्ययन, तालिम तथा विकासमा प्रोत्साहित गर्ने र अवकाश प्राप्त जनशक्तिलाई ज्ञान स्थानान्तरण कार्यक्रममा केन्द्रित गर्ने कार्यक्रम सम्बन्धित विषय क्षेत्रगत निकायबाट प्रस्ताव गर्ने ।<br>४. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको सीप प्रमाणीकरण गरी उनीहरूलाई व्यावसायिक तालिम प्रशिक्षकका रूपमा उपयोग गर्नको लागि कार्यक्रम प्रस्ताव गर्ने । |
| ४. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | १. विपद् जोखिम न्यूनीकरण एवम् उत्थानशीलता अभिवृद्धि गर्न सार्वजनिक, निजी तथा समुदायमा आधारित लगानी, साझेदारी र सहकार्य अभिवृद्धि गर्ने कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>२. विपद प्रभावित क्षेत्रका बासिन्दाको सहभागिता समेत जुट्ने गरी जोखिम न्यूनीकरण तथा पुनरुत्थानको लागि सान्दर्भिक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>३. विपद् प्रभाव मूल्यांकन पद्धति, जीवन तथा निर्जीवन बिमा, सामाजिक सुरक्षा लगायत समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण विधिको कार्यान्वयनको लागि कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>४. विषय क्षेत्रगत मन्त्रालय तथा प्रदेश र स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतका विषयमा हुनसक्ने विपद् जोखिमको व्यवस्थापनको लागि कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>५. पूर्वाधार विकास कार्यमा विपद् जोखिमका पक्षलाई समेत ध्यान दिई कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>६. भूकम्पको उच्च जोखिममा रहेका बस्ती, पुराना घर तथा सार्वजनिक संरचनाको पुनर्निमाण तथा प्रबलीकरण सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने ।<br>७. नदी तथा खोला वहाव र मार्ग दृष्टिगत गरी स्थानीय प्रविधिको प्रयोग हुने किसिमले तटबन्ध निर्माणको कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>८. मौसम पूर्वानुमान प्रणाली तथा अन्य जोखिमको प्रक्षेपण तथा समुदाय स्तरसम्म पूर्व सावधानी प्रणाली (Early Warning System) विकास तथा विस्तारको लागि आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने । |
| ५. | जलवायु परिवर्तन | १. राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले परिलक्षित गरेका क्षेत्रगत रणनीति तथा कार्यनीति कार्यान्वयन गर्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>२. दोस्रो राष्ट्रिय निर्धारित योगदान (Second Nationally Determined |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | Contribution, 2020) मा उल्लेखित उत्सर्जन न्यूनीकरणका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रम प्रस्ताव गर्ने ।<br>३. नेपाल सरकारले परिलक्षित गरेको शुन्य खुद उत्सर्जन रणनीति (Long Term Strategy, 2021) मा उल्लेख भए बमोजिम सन् २०४५ सम्ममा खुद शून्य उत्सर्जनमा पुग्ने रणनीति कार्यान्वयनमा सहयोग पुग्ने कार्यक्रम प्रस्ताव गर्ने ।<br>४. राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan Summary for Policy Makers-2021) मा उल्लेखित अनुकूलनका विषयगत आयोजना प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने गरी प्रस्ताव गर्ने ।<br>५. हरित विकासको अवधारणा र जलवायु उत्थानशील विकासलाई टेवा पुऱ्याउने गरी हरित रोजगारी सिर्जना गर्ने कार्यक्रम प्रस्ताव गर्ने ।<br>६. जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना २०७७-२०८७ ले निर्दिष्ट गरेका विषयगत कार्ययोजना कार्यान्यन गर्ने कार्यक्रम प्रस्ताव गर्ने । |
| ६. | शासन व्यवस्था | १. भ्रष्टाचार विरूद्ध शुन्य सहनशीलता सहित सदाचारयुक्त समाजको निर्माण गर्न कार्यरत निकायलाई सक्षम, सबल र जवाफदेही बनाउने कार्यक्रम प्रस्ताव गर्ने ।<br>२. समग्र शान्ति सुरक्षा तथा अमन चयन कायम गर्न एवम् शहरी क्षेत्रमा हुने सम्भावित अशान्ति तथा द्वन्द्व आंकलन गर्न सुरक्षा निकायको सुदृढीकरण गर्ने तथा तहगत समन्वयलाई प्रभावकारी बनाउने कार्यक्रम प्रस्ताव गर्ने ।<br>३. बङकर टु ब्यारेक कार्यक्रमलाई प्राथमिकता दिने ।<br>४. प्रहरी चौकी र कारागारको अवस्थामा सुधार हुने गरी कार्यक्रम प्रस्ताव गर्ने ।<br>५. न्यायिक प्रक्रियालाई छिटो छरितो तथा प्रभावकारी बनाउन सूचना प्रविधिमैत्री मुद्दा व्यवस्थापन प्रणाली विकास कार्यक्रम प्रस्ताव गर्ने ।<br>६. परम्परागत शैलीका विद्यमान कार्यस्थललाई आधुनिक, प्रविधिमैत्री र अधिकतम खुला कार्यस्थलको रूपमा परिवर्तन गर्न आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>७. नयाँ प्रविधिको अवलम्बन र विद्यमान प्रविधिमा सुधार गर्दा धेरै निकायबाट दोहोरो खर्च नियन्त्रण गर्न निश्चित मापदण्डमा आधारित भई प्रारम्भिक खर्च गर्ने र त्यसको प्रयोग अन्य धेरै निकायले गर्ने व्यवस्थाको लागि कार्यक्रम प्रस्ताव गर्ने । |
| ७. | संघीय मामिला | १. अन्तरसरकार समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने र तहगत सरकारका प्राथमिकताका क्षेत्रमा स्रोत परिचालन हुनेगरी कार्यक्रम प्रस्ताव गर्ने ।<br>२. संघीय संरचना अनुरूप निजामती प्रशासनलाई सबल, सक्षम र सुदृढ बनाउने कार्यक्रम प्रस्ताव गर्ने । सार्वजनिक सेवालाई भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास कार्यलाई प्रभावकारी बनाउन आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>३. संघ, प्रदेश र स्थानीय तहमा एकीकृत तथा विषय क्षेत्रगत व्यवस्थापन सूचना तथा प्रतिवेदन प्रणालीको विकास, सञ्जालीकरण र सञ्चालनको लागि आवश्यक बजेट प्रस्ताव गर्ने । |

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| | | ४. स्थानीय तहलाई आर्थिक वृद्धिको केन्द्रका रूपमा विकास गर्ने गरी सार्वजनिक, निजी, सहकारी एवम् समुदायको लगानी केन्द्रित हुने क्षेत्र पहिचान गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने ।<br>५. प्रदेश र स्थानीय तहमा संविधान बमोजिम हस्तान्तरण भएको अधिकार र सोको लागि खर्च जिम्मेवारी पुरा गर्न सहयोग पुग्ने गरी कार्यक्रम बजेट प्रस्ताव गर्ने ।<br>६. प्रदेश र स्तानीय तहको क्षमता विकास गर्न प्रभावकारी तालिमको व्यवस्थाको लागि आवश्यक नीतिगत र संस्थागत प्रवन्धका कार्यक्रम प्रस्ताव गर्ने ।<br>७. कर्मचारी व्यवस्थापन कार्यलाई प्रभावकारी बनाई तीनै तहमा आवश्यक कर्मचारी अभाव हुन नदिने गरी कार्यक्रम प्रस्ताव गर्ने । |

## ७. मध्यमकालीन खर्च संरचना र वार्षक विकास कार्यक्रम तर्जुमा

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषयवस्तु |
|---|---|---|
| १. | मध्यमकालीन खर्च संरचना तर्जुमा | १. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ को व्यवस्था र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ को व्यवस्था तथा नियमावली, २०७७ को नियम ११ बमोजिम तीन वर्ष अवधिको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रस्ताव गर्ने ।<br>२. सो खाकामा उल्लेख हुने अपेक्षित नतिजा/लक्ष्य हासिल गर्ने गरी आवश्यक बजेट/खर्च सहित योजना तथा कार्यक्रम प्रस्ताव गर्ने ।<br>३. मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरण विषय क्षेत्रगत मन्त्रालय तथा निकायबाट राष्ट्रिय योजना आयोगको यस सम्बन्धी पोर्टल www.mtef.npc.gov.np मा प्रविष्ट गरी राष्ट्रिय योजना आयोगमा सम्प्रेषण गर्ने । यस सम्बन्धी राष्ट्रिय दिग्दर्शन तथा प्रयोगकर्ता निर्देशिका राष्ट्रिय योजना आयोगको वेबसाइटमा राखिएको ।<br>४. मध्यमकालीन खर्च संरचना बमोजिम कार्यान्वयन गरिने आयोजना/कार्यक्रम र सो अन्तर्गतका क्रियाकलाप, निर्धारित खर्च मापदण्ड (नर्म्स) को आधारमा लाग्ने अनुमानित लागत तथा सो लागत व्यहोर्ने स्रोत बजेट सीमाको अधिनमा रहेर प्रस्ताव गर्ने ।<br>५. प्रत्येक विकास कार्यक्रम तथा आयोजनाको आवधिक योजनाको रणनीतिक संकेत (१-९), दिगो विकास लक्ष्य संकेत (१-१७), प्राथमिकता संकेत (१ वा २), लैङ्गिक उत्तरदायी संकेत (१, २ वा ३) र जलवायु परिवर्तन संकेत (१, २ वा ३) उल्लेख गर्ने । |
| २. | वार्षिक विकास कार्यक्रम तर्जुमा | १. मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नै आगामी वर्ष सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको बजेट उपशीर्षक नम्बर, उद्देश्य, आयोजना अवधि, लागत, अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण तयार गरी समावेश गर्ने । |

## ८. कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा पेश गर्नुपर्ने विवरण

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(३) को व्यवस्था बमोजिमको बजेट छलफलको लागि देहायको विवरण प्रस्तुत गर्नुपर्ने।

- प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि,
- कार्यक्रम/आयोजनाको अपेक्षित प्रतिफल,
- सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन, नर्म्स, ड्रइङ्ग तथा डिजाइन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात,
- आयोजना कार्यान्वयनको समय तालिका तथा वार्षिक कार्यान्वयन योजना,
- खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना,
- प्रत्येक क्रियाकलाप सम्पन्न गर्न लाग्ने लागत, समय र जिम्मेवार निकाय,
- अनुगमन तथा मूल्यांकन योजना।

२. चालु आर्थिक वर्ष २०७८/७९ वा आगामी आर्थिक वर्ष २०७९/८० मा सम्पन्न हुने वा खारेज हुने कार्यक्रम/आयोजनाको विवरण।

३. प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कार्यक्रम/आयोजनाको विवरण र सःशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको विवरण।

४. कार्यक्रम/आयोजनाको जोखिम पक्ष एवम् कार्यान्वयनको क्रममा थप स्रोत आवश्यक पर्ने भएमा पुष्ट्याई सहित सो को छुट्टै विवरण।